# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

## टंगाल, काठमाण्डौ

मिति: २०७४/०२/०१ गते

# प्रेस विज्ञप्ति

## विषय: घुस रकम सहित नियन्त्रणमा लिईएको ।

---------------------------------------------------------------------

नापी कार्यालय दमक, झापामा कार्यरत नापी सर्वेक्षक बिनोद कुमार मण्डलले कमल गाउँपालिका, झापामा जग्गा प्लटिङ् गरी सो को नक्सा मिलाउने प्रयोजनको लागि सेवाग्राहीसँग विभिन्न बहानामा घुस रिसवत माग गरि रहेको भन्ने सूचना एवं उजुरीको आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय ईटहरीबाट खटिई गएको टोलीले निज नापी सर्वेक्षक बिनोद कुमार मण्डललाई रू.६,८०,०००।— (अक्षरुपी छ लाख असी हजार) घुस बापतको रकम लिंदै गर्दाको अवस्थामा निजकै कार्यकक्षबाट नियन्त्रणमा लिई अनुसन्धान भईरहेको छ ।

(खगेन्द्र प्रसाद रिजाल)
सहायक प्रवक्ता एवं सूचना अधिकारी